## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८३/०१/२५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

<table>
<tr><th>सि.नं</th><th>प्रतिवादीहरु</th><th>मुद्दा</th><th>आयोगको माग दावी तथा विशेष अदालतको फैसला</th><th>विशेष अदालतको फैसला र आधार</th><th>आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु</th></tr>
<tr>
<td>१</td>
<td>प्रतिवादीहरु गुणस्तर तथा नापतौल कार्यालय, बिरगंजका तत्कालीन वरिष्ठ निरिक्षक (हाल अबकास) शशि भुषण कुमार यादव समेत ४ जना मु.नं (०७९-CR-०१४३) फैसला मिति २०८१।०३।२३</td>
<td>गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको।</td>
<td>आयोगको माग दावी<br>• प्रतिवादी शशि भुषण कुमार यादव उपर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुरमा निजले गैरकानुनी सम्पति आर्जन गरेको विगो रु.४,४७,३४,२१२।२६ (चार करोड सत्चालिस लाख चौतीस हजार दुई सय बाह्र रुपैयाँ छब्बीस पैसा) कायम गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ मा उल्लेख भए बमोजिम सोही ऐनको दफा ३ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम कैद तथा जरिवानाको सजाय गरी पाउने र निज प्रतिवादी शशिभुषण कुमार यादवले जाँच अवधिमा गैरकानुनीरूपमा आर्जन गरेको सम्पत्ति साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, दफा १६(ग), दफा २९ को उपदफा (१) र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२), दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. बमोजिम जफत/असुल उपर एवं निजले गैरकानुनी रुपमा आर्जन गरेको सम्पत्ति रिता रानी, अविनाश यादव र विकाश यादवको नाममा समेत राखेको हुँदा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६(ग), दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. बमोजिम रिता रानी, अविनाश यादव र विकाश यादवलाई प्रतिवादी कायम गरी स्रोत नखुलेको सम्पत्ति र त्यसबाट बढे बढाई हाल कायम रहेको सम्पत्ति, श्रोत खुलेको र आंशिक श्रोत खुलेको घर, जग्गाहरू, शेयर र बैंक मौज्दातहरु समेतबाट विगो जफत/असुल उपर गरी पाउन मागदावी लिई श्री बिशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको देखियो।<br>अदालतको फैसला<br>• प्रतिवादी शशिभुषण कुमार यादवको समग्र जाँच अवधिको वैध आय र ब्यय गणना गर्दा वैध आय रु.३,४१,४४,९९६।६२(तीन करोड एकचालिस लाख चौवालिस हजार नौ सय छयानब्बे रुपैयाँ बासठ्ठी पैसा) र</td>
<td>फैसलाः<br>प्रतिवादीहरुलाई आंशिक ठहर हुने गरी भएको फैसला।<br>विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः<br>• प्रतिवादी शशिभुषण कुमार यादव शशि भुषण कुमार यादवको वैध आय रु.२,७७,२२,०५०।८६ (दुई करोड सतहत्तर लाख बाईस हजार पचास रूपैया छयासी पैसा) को अनुपातमा सोही अवधिमा निजले सिर्जना गरेका सम्पत्ति एवं खर्च तथा लगानी रु.७,२४,५६,२६३।१२ (सात करोड चौविस लाख छपन्न हजार दुई सय त्रिसठ्ठी रुपैया बाह्र पैसा) देखिन आएबाट निज शशि भुषण कुमार यादवले रु.४,४७,३४,२१२।२६ (चार करोड सत्चालिस लाख चौतीस हजार दुई सय बाह्र रुपैयाँ छब्वीस पैसा) बराबरको खर्च तथा लगानी (सम्पत्ति) को बैधानिक स्रोत खुलेको नदेखिएकोले ऋणात्मक देखिन आई सोही अनुसार सजायको माग दाबी लिई आरोप पत्र दायर गरिएकोमा निज प्रतिवादी शशिभुषण कुमार यादवको समग्र जाँच अवधिको वैध आय र ब्यय गणना गर्दा वैध आय रु.३,४१,४४,९९६।६२ (तीन करोड एकचालिस लाख चौवालिस हजार नौ सय छयानब्बे रुपैयाँ बासठ्ठी पैसा) र कूल ब्यय रु.६,७१,९६,३३३।२७ (छ करोड एकहत्तर लाख छयानब्बे हजार तीन सय तेत्तिस रुपैयाँ सत्ताइस पैसा) देखिन आई निजको वैधानिक आय भन्दा ब्यय रु.३,३०,५१,३३६।६५(तीन करोड तीस लाख एकाउन्न हजार तीन सय छत्तिस रुपैयाँ पैसठ्ठी पैसा) बढी भएको</td>
<td>• विशेष अदालतवाट उपरोक्त अनुसार फैसला गर्दा प्रतिवादीको समग्र आय व्ययको अवस्था निम्न अनुसार कायम गरेको देखिन्छः
<table>
<tr><th>क्र.सं.</th><th>आयको शिर्षक</th><th>आय रकम (रु.)</th><th>क्र.सं.</th><th>व्यय शिर्षक</th><th>व्यय रकम(रु.)</th></tr>
<tr><td>१.</td><td>कृषी आय</td><td>५१,३४,६५८।४४</td><td>१.</td><td>जग्गा खरिद</td><td>२,०४,१७,१२४।-</td></tr>
<tr><td>२.</td><td>शशिभुषण कुमार यादवको पारिश्रमिक</td><td>४४,६५,०३८।८३</td><td>२.</td><td>तीन वटा घर निर्माण</td><td>१,८६,२८,५६५।८९</td></tr>
<tr><td>३.</td><td>जग्गा बिक्री</td><td>२९,५०,०००।-</td><td>३.</td><td>सवारी साधन खरिद</td><td>२,८८,०००।-</td></tr>
<tr><td>४.</td><td>रिता रानीको पारिश्रमिक</td><td>२९,५९,५४९।५०</td><td>४.</td><td>ऋण भुक्तानी</td><td>४८,४९,१७३।३३</td></tr>
<tr><td>५.</td><td>बुहारी कविता यादवको पारिश्रमिक</td><td>१४,०२,५००।-</td><td>५.</td><td>जीवन बिमा प्रिमियम</td><td>६,८७,४४९।१९</td></tr>
<tr><td>६.</td><td>छोरा अविनाश यादवको पारिश्रमिक</td><td>५,४७,८९३।-</td><td>६.</td><td>बैंक मौजदात</td><td>१,६२,६६,६१२।८६</td></tr>
<tr><td>७.</td><td>विदेशको तालिम भत्ता</td><td>२,४०,५००।-</td><td>७.</td><td>सन्तानको अध्ययन</td><td>३९,२३,६००।-</td></tr>
<tr><td>८.</td><td>अबकास र पेन्सन प्राप्त</td><td>५२,९०,९९७।२९</td><td>८.</td><td>विदेश भ्रमण खर्च</td><td>२,१४,०००।-</td></tr>
<tr><td>९.</td><td>पेन्सनवापत प्राप्त</td><td>१,९१,३२५।४०</td><td>९.</td><td>शेयर खरिद</td><td>७,८८,५४६।-</td></tr>
<tr><td>१०.</td><td>ऋण</td><td>३०,५४,१०९।९४</td><td>१०.</td><td>कर तथा राजश्व भुक्तानी</td><td>११,३३,२६२।-</td></tr>
<tr><td>११.</td><td>बिमा परिपक्व भै प्राप्त</td><td>६,९५,०७४।७०</td><td>११.</td><td>-</td><td>-</td></tr>
<tr><td>१२.</td><td>घर बहाल</td><td>३९,८२,०००।-</td><td>-</td><td>-</td><td>-</td></tr>
</table>
</td>
</tr>
</table>

कूल व्यय रु.६,७१,९६,३३३।२७ (छ करोड एकहत्तर लाख छयानब्बे हजार तीन सय तेत्तिस रुपैयाँ सत्ताइस पैसा) देखिन आई निजको वैधानिक आय भन्दा व्यय रु.३,३०,५१,३३६।६५(तीन करोड तीस लाख एकाउन्न हजार तीन सय छत्तिस रुपैयाँ पैसठ्ठी पैसा) बढी भएको देखिंदा निज प्रतिवादीले साविकको भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवम् हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसूर गरेको देखियो। तसर्थ निज प्रतिवादी शशिभुषण कुमार यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम ६(छ) महिना कैद र बिगो बराबर रु.३,३०,५१,३३६।६५ (तीन करोड तीस लाख एकाउन्न हजार तीन सय छत्तिस रुपैयाँ पैसठ्ठी पैसा)जरिबाना हुने ठहर्छ। साथै आरोपपत्रमा उल्लिखित जफतको दाबी लिएको सम्पत्तिबाट ऐ.ऐनको दफा २० को उपदफा(२) र दफा ४७ बमोजिम बिगो बराबरको सम्पत्ति जफत हुने ठहर गरी फैसला भएको अवस्था छ।

देखिंदा निज प्रतिवादीले साविकको भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवम् हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसूर गरेको देखियो। तसर्थ निज प्रतिवादी शशिभुषण कुमार यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम ६(छ) महिना कैद र बिगो बराबर रु.३,३०,५१,३३६।६५ (तीन करोड तीस लाख एकाउन्न हजार तीन सय छत्तिस रुपैयाँ पैसठ्ठी पैसा) जरिबाना हुने ठहर्छ। साथै आरोपपत्रमा उल्लिखित जफतको दाबी लिएको सम्पत्तिबाट ऐ.ऐनको दफा २० को उपदफा(२) र दफा ४७ बमोजिम बिगो बराबरको सम्पत्ति जफत हुने।

- प्रतिवादी शशिभुषण कुमार यादव उपर अभियोजन गर्दा आयतर्फ १३ शीर्षकमा आय गणना गरेकोमा प्रतिवादीले सो दाबीलाई ईन्कार गर्दै अन्य विभिन्न आयका शिर्षक समेत थप गरि १९ शीर्षकमा आय गणना हुनुपर्ने माग गरेको देखिदा आयका समग्र ८ शीर्षकमा वादी प्रतिवादी विच मुख नमिले पनि विभिन्न आधारहरु सहित विश्लेषण गर्दा निजको आयमा कायम हुने देखिएको।

| | | | | | |
|---|---|---|---|---|---|
| १३. | दैनिक भ्रमण भत्ता | ४,७८,०७०।- | - | - | - |
| १४. | प्राविधिक भत्ता | ४६,४८६।५८ | - | - | - |
| १५. | दशैंभत्ता | १,७७,३३५।५० | - | - | - |
| १६. | पोशाक भत्ता | १,१९,७८७।५० | - | - | - |
| १७. | बैंक ब्याज | २२,८५,२०६।८३ | - | - | - |
| १८. | रिता रानीको विवाहमा प्राप्त | १,२४,४६३।११ | - | - | - |
| | **कूल आय** | **३,४१,४४,९९६।६२** | | **कूल व्यय** | **६,७१,९६,३३३।२७** |

- **प्रतिवादी शशिभुषण कुमार यादब उपर अभियोजन गर्दा आयोगले मूल्याँकन गरेको सम्पत्तिको विवरणः-**
- सर्वप्रथम, **प्रतिवादी शशिभुषण कुमार यादव उपर अख्तियार दुरुपयोग अनुसन्धान आयोगवाट अभियोजन गर्दा निजको आय-व्ययको समग्र अवस्था (आ.व.२०४५/०४६ देखि ०७८/०७९ सम्म)** विश्लेषण गर्दा **"गैर कानूनी सम्पत्ति आर्जन मुद्दामा समग्र जाँच अवधीको आधारमा आय र व्ययको विश्लेषण गर्नु पर्नेमा नगद प्रवाह (Cash Flow) को आधारमा गणना गरेको देखिएको" भन्ने आधारको हकमा विश्लेषण गर्दाः** प्रतिवादी शशिभुषण कुमार यादवले सार्वजनिक सेवाको पदमा कार्यरत रहँदा पेश गरेको सम्पत्ति विवरण, अनुसन्धानको क्रममा निज प्रतिवादीहरुको बयान, विभिन्न बैंकबाट प्राप्त विवरण, अनुसन्धानको सिलसिलामा संकलित विभिन्न चल अचल सम्पत्तिहरुसँग सम्बन्धित विभिन्न निकायहरुबाट प्राप्त विवरण, प्रतिवेदन तथा कागजातहरु लगायत निज प्रतिवादीको सम्पूर्ण आय व्ययका सम्बन्धमा गरिएको आय व्यय प्रबाह विवरण (Income Expenditure Cash Flow) को अध्ययन एवं विश्लेषण गर्दा निज प्रतिवादी शशिभुषण कुमार यादवले सार्वजनिक सेवामा बहाल रहँदाको अवधी मिति २०४६/०२/०८ गते देखि मिति २०७९/०३/३० सम्मको अवधीलाई अनुसन्धानको जाँच अवधि (Check Period) कायम गरि हेर्दा निम्न अनुसारको आय व्यय विवरण देखिन्छः-

| **सि.नं.** | **आय तर्फ** | | **व्यय तर्फ** | |
|---|---|---|---|---|
| | **विवरण** | **रकम** | **विवरण** | **रकम** |
| 1 | पारिश्रमिक वचत (७०%) | ४४,६५,०३८।८३ | जग्गा खरिद | २,०७,५५,३२४।०० |
| 2 | जग्गा बिक्री | २९,५०,०००।०० | कर तिरेको | ११,२४,४१६।०० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | 3 | रिता रानीको पारिश्रमिक (८५%) | २२,२२,०२७।५० | सवारी खरिद | २,८८,०००।०० | |
| | | | | | | 4 | कृषि आय | ५१,३४,६५८।४४ | बिमा बुझाएको | ७,५७,७२७।८० | |
| | | | | | | 5 | घर बहाल | ९,५८,६९४।२० | बैंक मौज्दात | २,०६,२६,९००।६० | |
| | | | | | | 6 | कबिता यादवको पारिश्रमिक (८५%) | १४,०२,५००।०० | घर निर्माण | १,८६,२८,५६५।८९ | |
| | | | | | | 7 | बीमा फिर्ता | ६,९४,२७४।७० | अध्ययन खर्च | ३९,२३,६००।०० | |
| | | | | | | 8 | बैदेशिक आय (७०%) | २,४०,५००।०० | बिदेश भ्रमण | २,१४,०००।०० | |
| | | | | | | 9 | ऋण सापटी | ३०,५४,१०९।९४ | ऋण तिरेको | ४८,४९,१८३।३३ | |
| | | | | | | 10 | उपचार खर्च | ८,१३,७४४।०० | शेयर खरिद | ७,८८,५४५।५० | |
| | | | | | | 11 | संचित विदाको रकम | १०,६२,३८८।०० | अन्य पारिवारिक खर्च | ५,००,०००.०० | |
| | | | | | | 12 | कर्मचारी संचयकोष फिर्ता | २६,५८,९७१।१५ | | | |
| | | | | | | 13 | अविनाश यादवको तलब (८५%) | ५,४७,८९३।०० | | | |
| | | | | | | 14 | नागरिक लगानी कोष फिर्ता | ५,८८,४०३।७० | | | |
| | | | | | | 15 | रिता रानीको अवकास | ७,३७,५२२।०० | | | |
| | | | | | | 16 | पेन्सन रकम (७०%) | १,९१,३२५।४० | | | |
| | | | | | | | **कुल जम्मा** | **२,७७,२२,०५०।८६** | | **७,२४,५६,२६३।१२** | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | **स्रोत नपुगेको रकम** — -४,४७,३४,२१२।२६<br>• यसरी निज प्रतिवादी शशिभुषण कुमार यादवको आय व्ययको प्रवाह विवरण (Income Expenditure Flow Chart) तयार गर्ने शिलशीलामा निज प्रतिवादीको अस्वाभाविक र अपत्यारिलो कारोबार देखिएको अवस्थामा, कुनै अवधिको कूल खर्च कूल आय भन्दा सारभूत रूपमा बढी देखिएको अवस्थामा र त्यसरी बढी व्यय हुनुको आधार, कारण पुष्टि हुन नसकेको स्थितिमा तथा उक्त सम्पत्तिको प्राप्ति वा खरिद गर्दाको प्रारम्भिक लगानीको स्रोत पुष्टी गर्न नसकेको अवस्था विद्यमान देखिन आएको स्थितिमा उक्त विन्दुहरुमा Cut-Off Point कायम गरि आय व्यय विश्लेषण नगरिएको खण्डमा प्रतिवादीको व्ययमा अगाडी भएको ऋणात्मक अवस्थालाई पछीवाट प्राप्त विभिन्न आयवाट वैधानिक गराउने अवस्था सृजना हुने भएकोले गैर कानूनी सम्पत्ति आर्जन मुद्दामा अगाडी भएको श्रोत पुष्टि हुन नसक्ने व्ययलाई अनुन्धानको परिधि भित्र ल्याउनको लागी Cut-Off Point कायम गर्न नितान्त आवश्यक रहेकोले यस सिद्धान्तको आधारमा Cut-Off Point कायम गरि भएको अनुसन्धानलाई बिशेष अदालतवाट शुक्ष्म विश्लेषण नगरि समग्र जाँच अवधीको आधारमा विश्लेषण गर्नु पर्ने भनि विशेष अदालतवाट भएको फैसला प्रारम्भिक रुप मै त्रुटीपुर्ण छ। प्रस्तुत मुद्दामा यि प्रतिवादी शशिभुषण कुमार यादवको आय व्ययको हिसाब गर्दा निज सार्वजनिक सेवा प्रवेश गरेको मिति २०४६/०२/०८ गते देखि मिति २०७९/०३/३० सम्ममा १२ वटा Cut-Off Date राखेर आय व्ययको विश्लेषण गरिएको अवस्था छ। समग्र जाँच अवधिलाई आय र व्ययको एकमुष्ठ हिसाब गर्दा अघिल्लो अवधिमा गैरकानुनी रूपमा आर्जन गरेको सम्पत्तिलाई पछिल्लो अवधिमा बैध रूपमा आर्जित सम्पत्ति र अघिल्लो अवधिको गैरकानुनी सम्पत्तिबाट बढे बढाएको सम्पत्तिले खाम्ने (Cover) अवस्था सृजना हुन सक्ने भएको अघिल्लो अवधिमा आर्जित गैरकानुनी सम्पत्ति पछिल्लो अन्य आय समेतवाट परिपुर्ति हुन गई प्रतिवादीले आफ्नो गलत कार्यको फाईदा पाई आरोपित कसूरवाट उन्मुक्ति प्राप्त गर्न सक्ने अवस्था एकातर्फ रहन जाने देखिन्छ भने अर्को तर्फ गैरकानुनी सम्पत्ति अनुसन्धान कार्यविधि, २०७८ को दफा ९ को उपदफा (३) को देहाय (ट) र (ठ) को समेतले Cut-Off Date राखेर आय व्ययको विश्लेषण गरि अनुसन्धान गर्न सक्ने अवस्थालाई वैधानिकता दिएको अवस्था देखिदा सो अनुसार नगरेमा उक्त अनुसन्धान कार्यविधि प्रतिकुल हुन जाने देखिन्छ। सम्मानित सर्वोच्च अदालतबाट समेत **नेपाल सरकार विरुद्ध युवराज शर्मा (ने.का.प. २०६९, नि.नं. ८८८६), नेपाल सरकार विरुद्ध खुम बहादुर खड्का (ने.का.प. २०६९, नि.नं. ८८३२) र नेपाल सरकार विरुद्ध देवेन्द्र डंगोल समेत (ने.का.प.२०७५, नि.नं. ९९३२) को मुद्दामा** गैर कानुनी सम्पत्ति आर्जन मुद्दामा विभिन्न अवधिमा आय व्ययको हिसाब गर्दा ऋणात्मक अवस्था आएका बखत Cut-Off Date राखेर हिसाब गरि आय र व्ययको विश्लेषण गरिए कै देखिंदा आयोगले गरेको अनुसन्धानलाई अन्यथा अर्थ गर्न मिल्ने अवस्था देखिंदैन। गैर कानूनी सम्पत्ति आर्जन मुद्दामा जुनसुकै आय दावी गर्ने प्रतिवादीले विक्री गरेका सम्पत्ति तथा सम्पत्ति प्राप्त गर्दाको बैध स्रोत तथा खरिद गर्दाको प्रारम्भिक लगानीको बैध स्रोत पुष्टि गर्न सक्नुपर्ने हुन्छ। स्रोत नखुलेका गैरकानुनी सम्पत्तिहरूबाट आय आर्जन गरेको सम्पत्ति र सोबाट बढे वढाएका सम्पत्ति तथा आयलाई बैध मान्न नसकिने र त्यस्ता सम्पत्ति तथा आय गैरकानुनी हुने प्रचलित कानूनी व्यवस्था तथा *"न्यायोचित अनुमान शुन्यताको उपज नभई त्यसलाई कुनै न कुनै तथ्यले समर्थन गरेकै हुनुपर्दछ"*[1] र *"वस्तुनिष्ठ आधारविना नै हचुवाको आधारमा लिईने दावीलाई कानुनसंगत मान्न सकिदैन"*[2] भन्ने समेत सम्मानित सर्वोच्च अदालतवाट प्रतिपादित नजिर सिद्धान्त समेतको आधारमा प्राप्त गरेको आयको प्रकृति र कारोवारको अध्ययन एवँ |

[1] नेपाल सरकार वि. चिरञ्जिवी वाग्ले (ने.का.प. २०६७, अंक १२, निर्णय नं. ८५१९)

[2] केशवराज गौतम समेत वि. नेपाल सरकार, (ने.का.प. २०६९, अंक २, निर्णय नं. ८७७०)

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | स्वआर्जित सम्पत्ति प्राप्त तथा खरिद गर्दाका वखतमा निजसंग रहेभएका मौज्दात वचतका अनुपातमा भए गरिएका व्यय तथा लगानीहरु उपर विश्लेषण गरी स्रोत खुलेको तथा स्रोत नखुलेको एकिन गरी स्रोत खुलेका सम्पत्तिहरुबाट वढेवढाएका सम्पत्तिलाई वैध मानिने नै हुन्छ। तर स्रोत नखुलेका सम्पत्तिहरुबाट वढेवढाएका सम्पत्ति तथा आयहरुलाई वैध आयको रुपमा गणना गरिनु कानून र सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्धान्त समेतको विपरीत हुन जान्छ। प्रस्तुत अनुसन्धानको विषयमा अनुसन्धानको जाँचअवधिको आय-व्ययहरुको गणना गरी अनुसन्धान गर्दा जाँचअवधिमा सिर्जित सम्पत्ति एवं खर्च तथा लगानीहरुमा गरिएको कुल खर्च र सोही अवधिको आयहरुको आय-व्यय प्रवाह विवरण (Income Expenditure Flow Chart) अनुसार जाँच अवधिमा स्रोत खुल्न आएको निज शशिभुषण कुमार यादवको वैध आय रु.२,७७,२२,०५०।८६ (दुई करोड सतहत्तर लाख बाईस हजार पचास रुपैयाँ छयासी पैसा) को अनुपातमा सोही अवधिमा निज शशि भुषण कुमार यादवले सिर्जना गरेका सम्पत्ति एवं खर्च तथा लगानी रू.७,२४,५६,२६३।१२ मा घटाउँदा रु. -४,४७,३४,२१२।२६ (चार करोड सत्तचालिस लाख चौतिस हजार दुई सय बाह रुपैया छब्बिस पैसा) बराबरको रकम अपुग हुने देखिन आएबाट निज शशिभुषण कुमार यादवको रु.४,४७,३४,२१२।२६ (चार करोड सत्तचालिस लाख चौतिस हजार दुई सय बाह्र रुपैया छब्बिस पैसा) बराबरको खर्च तथा लगानी (सम्पत्ति) को बैधानिक स्रोत नखुलेकोले ऋणात्मक देखिंदा देखिंदै उल्लिखित न्यायिक सिद्धान्त समेतको बिपरित हुने गरि निज प्रतिवादीको हकमा कम विगो रु. रु.३,३०,५१,३३६।६५ (तीन करोड तीस लाख एकाउन्न हजार तीन सय छत्तिस रुपैयाँ पैसठ्ठी पैसा) कायम गरि भएको फैसला त्रुटीपूर्ण रहेकोले बदर भागी छ।<br>• **प्रतिवादीको व्ययका शिर्षकहरु मध्ये निम्न शिर्षकहरुमा विशेष अदालत ग्रहण गरेको आधारहरु त्रुटीपुर्ण देखिन्छ।**<br>• **जग्गा खरिद सम्बन्धमाः** प्रतिवादी शशि भुषण कुमार यादवले जाँच अवधिमा रु.२,०७,५५,३२४।— मा जग्गा खरिद गरेको मालपोत कार्यालयबाट पारित लिखतबाट देखिदा निजको जग्गा खरिद तर्फ व्यय रु.२,०७,५५,३२४।— गणना गरि अभियोजन गरिएको देखिन्छ। यसै सन्दर्भ सम्मानित सर्वोच्व अदालतवाट “आधिकारिक निकायबाट रितपूर्वक रजिष्ट्रेशन दस्तुर समेत बुझाई पारित भएको लिखतलाई अन्यथा भन्न नसकिने” भनि ने.का.प. २०६७ अंक १२ निर्णय नं ८५१९ प्रतिपादित सिद्धान्त समेतलाई विचार गर्दा सम्बन्धित मालपोत कार्यालयहरूबाट प्राप्त हुन आएका रजिष्ट्रेशन पारित लिखतमा अंकित मूल्य तथा रजिष्ट्रेशन दस्तुर समेत रु.२,०७,५५,३२४।– (दुई करोड सात लाख पचपन्न हजार तीन सय चौविस रुपैयाँ) लाई प्रतिवादीले जग्गा खरिद गर्दा भएको लगानी एवम् खर्चको रुपमा निजको व्ययमा गणना गरी आरोपपत्र दायर भएको देखिन्छ।<br>• यसै सन्दर्भमा, प्रतिवादी शशीभुषण यादवले अदालत समक्ष बयान गर्दा, प्रतिवादीका पिता देवनारायण रायले एकासगोलमा रहँदाका बखत बुहारी रिता रानीलाई हक हस्तान्तरण गर्दा कुनै मूल्य परेको छैन तथा अंशवण्डा हुँदा प्रतिवादीको भाई भरत यादवको समेत अंशभागमा परेको छ भनी रु.३,३८,२००।– मात्र जग्गा खरिद मूल्याङ्कनमा घटनु पर्छ भन्ने जिकिर लिएकै आधारमा मात्र प्रतिवादीको व्यय घटाउने गरी फैसला गर्दा निजले अनुसन्धानको क्रममा बयान गर्दा वा सम्पत्ति विवरणमा समेत सो सम्बन्धमा कहिं कतै उल्लेख नगरेको विषयसँग सम्बन्धित प्रत्यक्ष प्रमाणको अभावमा जिकिर लिएकै भरमा प्रतिवादीलाई फाइदा पुग्ने गरी रु.३,३८,२००।– घटी व्यय कायम गरी भएको फैसला त्रुटीपूर्ण हुँदा बदरभागी छ।<br>• **बिमा प्रिमियम भुक्तानी सम्बन्धमाः** प्रतिवादीले शशिभुषण कुमार यादव र छोराहरुको नाममा विभिन्न बिमा कम्पनीमा जीवन बिमा गरेको र सो बिमाको प्रिमियम बापत रु.७,५७,७२७।८० भुक्तानी गरेको अनुसन्धानको क्रममा देखिएकोले सो रकमलाई प्रतिवादीको व्ययमा गणना गरि आरोपदावी लिईएको अवस्था छ। उक्त शिर्षकमा विशेष अदालतबाट फैसला हुँदा बिमा परिपक्व भई भुक्तानी प्राप्त भएको हुँदा भुक्तानी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | प्राप्त गरेको र अन्तिम महिनाको प्रिमियम अनुमानको भरमा आयोगले गणना गरेको मिलेन भन्ने प्रतिवादीको जिकिर रहेको देखिन आएकोले सो रकम कटाई रु.६,८७,४४९।१९ (छ लाख सतासी हजार चार सय उनान्चास रुपैयाँ उन्नाइस पैसा) मात्र बिमा प्रिमियम भुक्तानी बापत गणना गर्नु पर्ने देखियो भनी प्रतिवादीको व्ययमा घटी हुने गरी भएको फैसलाको विश्लेषण गर्दा, बिमा परिपक्व भई भुक्तानी प्राप्त भएको हुँदा भुक्तानी प्राप्त गरेको रकम प्रतिवादीको आय शिर्षकमा गणना भई उक्त शिर्षकमा आरोपपत्र र फैसलामा मुख मिलेकै अवस्था छ। यसरी बिमा फिर्ताबाट प्राप्त रकमलाई पुनः व्यय तर्फ समेत गणना गरी अनुसन्धानको क्रममा संकलित प्रमाणको आधारमा व्यय रकम गणना गरिएकोमा फैसला गर्दा प्रतिवादीको जिकिरको आधारमा मात्र व्यय घटी गरी प्रतिवादीलाई फाईदा हुने गरी भएको फैसला त्रुटिपूर्ण रहेकोले बदरभागी छ।<br>• **बैंक मौज्दात सम्बन्धमा**ः प्रतिवादी शशीभुषण कुमार यादव र निजको एकासगोलमा रहेका परिवारका नाममा आरोपपत्रको पृष्ठ नं ९-११ मा रहेको तालिका ४.९ मा उल्लेख गरिएका विभिन्न बैंक तथा वित्तीय संस्थाहरुमा रु.२,०६,२६,९००।६० बराबरको जाँच अवधिको अन्तिम मिति २०७९ साल असार मसान्तसम्ममा मौज्दात रहेको बैंक तथा वित्तीय संस्थाबाट प्राप्त स्टेटमेन्टबाट देखिन आएकोले उक्त रकमलाई व्ययमा गणना गरि आरोपपत्र दायर गरिएकोमा विशेष अदालतबाट फैसला हुँदा प्रतिवादीको जिकिर बमोजिम बैंक खाता विवरण (Bank statement) बाट देखिएको अन्तिम मौजदात रकम रु.१,६२,६६,६१२।८६ (एक करोड बासठ्ठी लाख छैसठ्ठी हजार छ सय बाह्र रुपैयाँ छयासी पैसा) लाई प्रतिवादीको व्ययमा गणना गर्नु पर्ने देखियो भनी फैसला भएको अवस्था छ। उक्त शिर्षकको सन्दर्भमा, प्रतिवादीले अनुसन्धानको क्रममा आरोपदावी बमोजिमको रकम रु. २,०६,२६,९००।६० लाई निजको तथा एकासगोलको बैंकको मौज्दात रकमको रुपमा स्विकारेको तथा अनुसन्धानको क्रममा बिभिन्न बैंकहरुबाट संकलित खाता विवरण (Bank statement) बाट गणना गरिएको हुँदा अनुसन्धान अवधीपछी प्रतिवादीहरुले बैंकबाट रु.४३,६०,२८७।७४ रकम निकाली खर्च गरी आरोपित कसूरबाट बच्ने उद्देश्यले तथा व्यय घटाउने मनसायले रकम निकालेको हुँदा सोही घटी रकमलाई व्यय शिर्षकमा गणना हुने जिकिरलाई विशेष अदालतले स्वीकार गरी भएको फैसला त्रुटीपूर्ण देखिंदा बदरभागी छ।<br>• **पारिवारिक घर खर्च सम्बन्धमा**ः प्रस्तुत शिर्षकमा आरोपदावीमा प्रतिवादीको एक छोरी, एक छोराको बिहे खर्च रु.३,००,०००।- र बाबुको श्राद्धमा लागेको खर्च रु.२,००,०००।– गरी जम्मा रु.५,००,०००।— पारिवारिक घर खर्च लागेको भनि अनुसन्धानको बयानमा उल्लेख गरेबमोजिम उक्त खर्चलाई निजको व्ययमा गणना गरिएकोमा विशेष अदालतको फैसलाको विश्लेषण खण्डको पृष्ठ नं ६६ को प्रकरण ५३ को देहाय (१०) मा उक्त शिर्षकको विश्लेषण गरी व्यय कायम गरिएको भएतापनि पूर्णपाठको पृष्ठ १२४ को प्रकरण १३० मा देहायको समग्र आय-व्यय तालिकामा उक्त शिर्षकलाई गणना नगरी फैसलामा व्यय रकम छुट हुन गई प्रतिवादीलाई फाईदा पुग्न गएको देखिंदा उक्त त्रुटीपूर्ण फैसला सो हदसम्म बदरभागी छ।<br>• **<u>प्रतिवादीको आय शीर्षक तर्फः</u>**<br>• **अवकास र पेन्सन वापत प्राप्त रकम सम्बन्धमा**ः प्रतिवादी शशिभुषण कुमार यादव मिति २०७८/०८/२५ मा अनिवार्य अवकास भएपश्चात उपचार खर्च बापत रु.८,१३,७४४।, संचित विदा बापतको रु.१०,६२,३८८।-, कर्मचारी संचयकोष फिर्ता रु.२६,५८,९७१।१५ र नागरिक लगानी कोष बिमाबाट प्राप्त रु.५,८८,४०३।७० गरी निजले प्राप्त गरेको जम्मा रकम रु.५१,२३,५०६।८५ लाई निजको आयमा गणना गरी आरोपपत्र दायर गरिएकोमा विशेष अदालतबाट फैसला हुँदा प्रतिवादीको जिकिर बमोजिम निजले नागरिक लगानी कोष, कर्मचारी संचयकोषबाट समेत गरी रु.१,१८,४३२।४९ प्राप्त गरेको भन्ने प्रतिवादीको नविल बैंक लि. को खातामा बैंक ट्रान्फर भएको स्टेटमेन्टबाट देखिन आएकोले सो समेत कूल रु.५२,९०,९९७।२९ (बाउन्न लाख नब्बे हजार नौसय सन्तानब्बे रुपैयाँ उनान्तिस पैसा) प्रतिवादीको आयमा गणना गर्नुपर्ने देखियो भनी बिशेष अदालतले गरेको फैसला बदरभागी छ। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | •निज प्रतिवादी मिति २०७८।०८।२५ गते अवकाश पश्चात परिक्षण अवधि २०७९ असार मसान्तसम्मको अवकास र पेन्सन आय गैरकानुनी सम्पत्ति अनुसन्धान कार्यविधि २०७८ को परिच्छेद ३ को दफा १० को देहाय (क) (२) बमोजिम ३० प्रतिशत जीवननिर्वाह खर्च कट्टा हुने गरी कूल रकमको दावी लिइएको हो। अवकाश भएको ६ महिनाभित्र निज प्रतिवादीको अवकाश तथा पेन्सन आय प्रक्रिया गरी सक्दा आइसक्ने अवस्था पनि हो। निज प्रतिवादीले लिएको जिकिरमा मिति २०७९।६।३० अर्थात १० महिना पछि लिएकोमा विश्वासनिय नरहेको समेतको अवस्थामा उक्त फैसला गर्दा जम्मा रकम रु.५२,९०,९९७।२९ (बाउन्न लाख नब्बे हजार नौसय सन्तानब्बे रुपैयाँ उनान्तिस पैसा) बढी आय कायम गरी भएको फैसला सो हदसम्म त्रुटीपूर्ण रहेकोले बदरभागी छ।<br>•**घर बहाल सम्बन्धमाः** शशिभुषण कुमार यादबको श्रीतमी रिता रानीको नाममा रहेको जिल्ला सर्लाही, साविक विष्णुपुर-९ हाल मलङ्गवा नगरपालिका वडा नं.-८ स्थित कि.नं.९८६ को २.५ तल्ले घरको २०७२ सालदेखि जाँच अवधि अर्थात २०७९ साल असार मसान्त सम्म ९ वर्षको घर बहाल जम्मा रु.५,६४,९६०।- मात्रै आयोगले गणना गरेको देखियो। सम्पूर्ण घरको मासिक रु.२०,०००।- (बीस हजार) को दरले थप रु.१५,९५,०४०।- समेत आयमा गणना गर्नुपर्ने देखिएकोले कूल रु.२१,६०,०००।– (एक्काइस लाख साठी हजार रुपैयाँ) सो घरको बहाल आयमा गणना हुने देखियो। सोको अतिरिक्त भक्तपुर सुर्यविनायक नगर पालिका वार्ड नं. २ बालकोटको घरको बहाल आयमा श्रोत खुलाउन नसकेको भनी अभियोजनकर्ताले रु.५,६४,९६०।- मात्र गणना गरेको देखियो। समग्र अवधिको आय गणना गर्नु पर्ने हुँदा सो घरको बहाल आयमा थप रु.१५,९५,०४०।- समेत समेत गणना गर्दा सो घरको कूल बहाल रु.२१,६०,०००।–(एक्काइस लाख साठी हजार रुपैयाँ) प्रतिवादीको आयमा गणना गर्नु पर्ने देखियो। त्यस्तै गरी निजको छोरा विकाश यादवको नाममा रहेको जिल्ला भक्तपुर, सुर्यबिनायक नगरपालिका वडा नं.-२ बालकोट स्थित कि.नं.२५१२ मा बनेको ३.५ तल्ला घरको १ तल्ला भाडामा दिएको भनि घर भाडा सम्झौता पत्र र घर वहाल कर दाखिलाको पत्र पेश गरेको देखिन आएको अवस्थामा सो सम्पत्तिको श्रोत पुष्टि गर्न नसकेको भनी आयोगले घर भाडाबाट प्राप्त भएको आम्दानी रू.३,९३,७३४।२० मात्र प्रतिवादीको आयमा गणना गरेको देखियो। समग्र जाँच अवधिको आयलाई बहाल आयमा गणना गर्नु पर्ने हुँदा आयोगको उक्त गणना न्यायसंगत देखिएन। सो घरको बहाल आय तर्फ थप रु.१४,२८,२६५।८० (चौध लाख अट्ठाइस हजार दुई सय पैसठ्ठी रुपैयाँ असी पैसा) गणना गर्नु पर्ने देखियो। सो घरको कूल बहाल आय रु.१८,२२,०००।००( अठार लाख बाइस हजार रुपैयाँ) प्रतिवादीको घरबहाल आयमा गणना हुने देखियो। यस प्रकार दुईवटा घरबाट प्राप्त घरबहाल आय शीर्षक अन्तरगत कूल रु.३९,८२,०००।– (उनान्चालिस लाख बयासी हजार रुपैयाँ) प्रतिवादीको बहाल आयमा गणना गर्नु पर्ने देखियो भनी बिशेष अदालतले गरेको फैसला बदरभागी छ।प्रतिबादी शशिभुषण कुमार यादवको श्रीमती रिता रानीको नाममा रहेको जिल्ला सर्लाही मलङ्गवा नगरपालिका वडा नं. ८ स्थित कि.नं. ९८६को २.५ तल्ले घर र छोरा बिकास यादवको नाममा रहेको जिल्ला भक्तपुर सुर्यबिनायक नगरपालिका वडा नं. २बालकोट स्थित कि.नं. २५१२ मा बनेको ३.५ तल्ले घरको १ तल्ला भाडामा दिएको भनी घरभाडा सम्झौता र घर बहाल कर दाखिलाको पत्र पेश गरेको रू.७,२०,०००।—अय दावी गरेको भएतापनि जग्गा खरिद/घर निर्माण खर्चको स्रोत पुष्टि हुन हुनसकेको देखिदैन ।बिकास यादवको नाममा मिति २०७१/०८/२८ देखि २०७२/०३/३० सम्ममा निर्माण गरिएको घरको निर्माण गर्दा २१.६१ प्रतिशत लागतको मात्र स्रोत पुगेको हुँदा सोही अनुपातमा घर भाडा आय गणना गरिएको, यस्तै आ.व. २०७२/०७३ मा रिता रानीको नाममा निर्माण गरिएको घरको निर्माण गर्दा ३५.३१ प्रतिशत मात्रको स्रोत खुल्न आएको देखिदा सोही अनुपातमा घरभाडा आय कायम गरिएको । सम्मानित सर्वोच्च अदालतबाट सम्पत्ति खरिद गर्दा लगानी गरिएको आधारभुत मूल्यको स्रोत पुष्टि हुन सकेन भने सोही लगानी सम्म गैरकानुनी हुने **नेपाल सरकार बि. उमेश कुमार रेग्मी (ने.का.प. २०७२ अंक १२ नि.नं.** |

९५०५) प्रतिपादन भएको साथै जाँच अवधीमा खरिद गरिएका जग्गाबिक्रिबाट प्राप्त रकमलाई आयको रूपमा जिकिर लिईन्छ र मान्यता पनि दिईन्छ भने त्यस्तो जग्गा खरिदको स्रोत पनि पुष्टि गर्नुपर्ने (प्रकरण नं. ७) भनी **नेपाल सरकार बि. खुमबहादुर खडका (ने.का.प. २०६९ अंक ५ नि.नं. ८८३२)** को भ्रष्टाचार मुद्दामा नजिर प्रतिपादन भएको छ। यसरी प्रतिवादीले घर बहालको आयको जिकिर लिईन्छ भने उक्त घर निर्माणको वैधानिक स्रोत पुष्टि हुनुपर्नेमा सो गर्न नसकेको हुँदा घर बहाल आय स्रोत नपुगे बराबरको आयमा गणना गरिएको। सर्लाही बिष्णुपुर ९ को घर को मिति २०७२/०४/०१ देखि २०७८/१२/३० सम्मको जम्मा बचत रू.१६,००,०००।-मध्ये स्रोत खुलेको रू.५,६४९६०।- भक्तपुर बालकोटको बिकास यादवको नाउमा रहेको घरको मिति २०७१/०८/२८ देखि २०७९/०३/३१ सम्मको जम्मा आय रू १८,२२,०००।- स्रोत खुलेको रकम रू ३,९३,७३४.२ (आरोपपत्रको पेज नं. २७ र २८) प्रतिबादीले जुन घरको भाडाको आयको गणना गरिनु भनी जिकिर लिएको छ प्रतिवादीले सबै घर भाडामा लगाएको सम्झौता र कर तिरेको देखिदैन सम्मानित सर्वोच्च अदालतबाट... ठुलो परिणाममा घर भाडा प्राप्त गरेको भन्ने व्यक्तिले घर भाडामा दिएको सम्झौता तथा कर तिरेको प्रमाण पेश गर्नुपर्ने (प्रकरण नं. ४६) **नेपाल सरकार वि. युवराज शर्मा (ने.का.प २०६९ अंक ५ नि.नं. ८८८६)** को मुद्दामा सिद्धान्त प्रतिपादन भएको छ। यसरी प्रतिवादीले ठुलो मात्रामा घरभाडा आयको जिकिर लिएको प्रतिवादीले निजले घर निर्माणको वैधानिक स्रोत र भाडा लिएदिएको प्रमाण गुजार्न नसकेको हुँदा उक्त निजको भनाईलाई मात्र प्रमाणमा लिन मिल्ने नदेखिएकोले फैसला बदरभागी छ। साथै अनुसन्धानको जाँच अवधि केवल ८ बर्षको रहेकोमा बिशेष अदालतले ९ बर्षको समय राखी आय अवधि र रकम दुबैलाई बढाई कायम गरी गरेको फैसला बदरभागी छ।

- **दैनिक भ्रमण भत्ता सम्बन्धमाः** प्रतिवादी सार्वजनिक सेवाको दौरानमा आफू कार्यरत कार्यालयबाट बिभिन्न मितिमा काजमा खटिएर गएको तत् तत् कार्यालयको हाजिर कपीबाट देखिन आएकोले तत्कालिन समयमा प्रकाशित राजपत्र सूचना अनुसार प्रतिवादीले दैनिक भ्रमण भत्ताबापत प्राप्त रकममा ३० प्रतिशत जीवन निर्वाह खर्च कटाई बाँकी हुन आउने रु.४,७८,०७०।-(चारलाख अठहत्तर हजार सत्तरी रुपैयाँ) लाई प्रतिवादीको भ्रमण भत्ता आयमा गणना गर्नुपर्ने देखियो भनी बिशेष अदालतले गरेको फैसला बदरभागी छ। उपरोक्त शीर्षकमा विशेष अदालतबाट फैसला हुँदा प्रतिवादीले दैनिक भ्रमण भत्ता बुझेको प्रत्यक्ष प्रमाणबाट पुष्टी हुन आएको रु.४,७८,०७०।- (चारलाख अठहत्तर हजार सत्तरी रुपैयाँ) लाई प्रतिवादीको आयमा गणना गरिएको अवस्था देखिन्छ।
- यसरी प्रतिवादीको उल्लेखित दैनिक भ्रमण भत्ता प्राप्त आयको सन्दर्भमा उक्त भत्ताको विवरण सम्बन्धित निकायबाट प्राप्त भएको आधिकारिक विवरण अनुसार गणना नगरी आयमा राखिएको हुँदा अनुसन्धान सम्पन्न भएपश्चात कसूरबाट बच्ने उद्देश्यले श्रृजना गरी अदालतमा पेश गरी उचित न्यायिक परिक्षण बिना नै आयमा बढाएर केवल प्रतिवादी शशि भुषण कुमार यादवले पेश गरेको लिखित प्रतिवाद र बयानले मात्र गणना गर्नु फैसला त्रुटीपूर्ण रहि बदरभागी छ।
- **प्राविधिक भत्ता सम्बन्धमाः** श्री सर्वोच्च अदालतको मिति २०७६।०१।१५ को आदेश बमोजिम अर्थ मन्त्रालयको मिति २०७६।११।०४ को पत्राअनुसार मासिक एक दिनको तलब बराबर प्राविधिक भत्ता पाएको रकम रु.६६,४०९।४० प्रतिवादीको कास्की पोखरा बैदाम स्थित मुक्तिनाथ बिकास बैंकको खातामा २६ फेब्रुअरी २०२० मा ट्रान्सफर भएको सो बैंकको स्टेटमेन्टबाट देखिएको हुँदा सो रकममा ३० प्रतिशत जीवन निर्वाह खर्च कटौती गरी रु.४६,४८६।५८(छयालिस हजार चार सय छयासी रुपैयाँ अन्ठाउन्न पैसा) लाई निज प्रतिवादीको प्राविधिक भत्ता बापत आयमा गणना गर्नु पर्ने देखियो भनी बिशेष अदालतले गरेको फैसला बदरभागी छ। यसरी प्रतिवादीको उल्लेखित प्राविधिक भत्ता प्राप्त आयको सन्दर्भमा उक्त भत्ताको विवरण सम्बन्धित निकायबाट प्राप्त भएको आधिकारिक विवरण अनुसार गणना नगरी आयमा राखिएको हुँदा अनुसन्धान सम्पन्न भएपश्चात कसूरबाट बच्ने उद्देश्यले श्रृजना गरी अदालतमा पेश गरी उचित न्यायिक

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | परिक्षण बिना नै आयमा बढाएर केवल प्रतिवादी शशि भुषण कुमार यादवले पेश गरेको लिखित प्रतिवाद र बयानले मात्र गणना गर्नु फैसला त्रुटीपूर्ण रहि बदरभागी छ।<br>• **प्रतिवादी रिता रानीको दशैं भत्ता सम्बन्धमाः** प्रतिवादी रिता रानी २०४८ सालदेखि २०७५ सालसम्म २८ वर्ष शिक्षिकाको रुपमा कार्यरत रहेको मिसिल संलग्न प्रमाण कागजातहरुबाट देखिन आयो। खाइपाइ आएको वार्षिक एक महिनाको दरले २८ वर्षको कूल रु. २,०८,६३०।- दशैं भत्ता बापत निज प्रतिवादीले प्राप्त गरेको हुँदा सो रकममा १५ प्रतिशत जीवनयापन बापत कटौती गरी बाँकी हुन आउने बचत रु.१,७७,३३५।५०(एक लाख सतहत्तर हजार तीन सय पैतिस रुपैयाँ पचास पैसा) निज प्रतिवादीको आयमा गणना गर्नुपर्ने देखियो भनी बिशेष अदालतले गरेको फैसला बदरभागी छ। अनुसन्धानमा गरिएको कुनै पनि सवाल जवाफमा यि प्रतिवादीले उल्लेखित दशैं भत्ता प्राप्त आयको सन्दर्भमा नलेखाएको तथा उक्त भत्ताको विवरण सम्बन्धित निकायबाट प्राप्त भएको आधिकारिक विवरण अनुसार गणना नगरी आयमा राखिएको हुँदा अनुसन्धान सम्पन्न भएपश्चात कसूरबाट बच्ने उद्देश्यले श्रृजना गरी अदालतमा पेश गरी उचित न्यायिक परिक्षण बिना नै आयमा बढाएर केवल प्रतिवादी शशि भुषण कुमार यादवले पेश गरेको लिखित प्रतिवाद र बयानले मात्र गणना गर्नु फैसला त्रुटीपूर्ण रहि बदरभागी छ।<br>• **प्रतिवादीहरु शशिभुषण कुमार यादव र रिता रानीको लुगा भत्ता सम्बन्धमाः** अर्थ मन्त्रालयको मिति २०७५।०४।२१ को पत्र तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०६८।०३।१५ को पत्र बमोजिम लुगा भत्ता बापत शशिभुषण कुमार यादवले लुगा भत्ता बापत रु.९२,५००।– प्राप्त गरेको हुँदा सो रकममा ३० प्रतिशत खर्च कटाई बाँकी रु.६४,७५०।-र प्रतिवादी रिता रानीहकमा पनि २०७५ साल सम्म लुगा भत्ताबापत रु.६२,५००।-प्राप्त गरेको हुँदा १५ प्रतिशत खर्च कटाई बाँकी रु.५५,०३७।५० बचत हुने देखियो। दुवै जनाको लुगा भत्ता बापत कूल बचत रु.१,१९,७८७।५० (एक लाख उन्नाइस हजार सात सय सतासी रुपैयाँ पचास पैसा) प्रतिवादीहरुको आयमा गणना गर्नु पर्ने देखियो भनी बिशेष अदालतले गरेको फैसला बदरभागी छ। पोशाक भत्ता बार्षिक रूपम एक पटक निजामती कर्मचारीको लागी पोशाक खरिद गर्नको लागी उपलब्ध गराएको रकम रहेको र उक्त रकम प्राप्त गरेपछि निजामती कर्मचारीले एक जोर कपडा खरिद गर्दा सकिने गरी उपलब्ध गराएको छ। उक्त रकमको ७० प्रतिशत बचत हुने सम्भावना हुँदै हुँदैन। पोशाक भत्ता खर्च भएर जाने रकम हो जुन एक पटक पोशाक खरिद गरिसकेपछि उक्त रकम पनि सकिने हुँदा बचत हुन सक्दैन।यसरी खुद खर्च भएर जाने रकमलाई समेत बचत हुने रकम मानी प्रतिबादीहरुको बैधानिक आयमा कायम गर्न मिल्ने होईन। सोहि विषयमा सम्मानित सर्बोच्च अदालतबाट "खुद खर्च भै जाने विविध शीर्षकको रकमलाई आयमा समावेश गर्न कुनै कानून र विवेकसम्मत आधार नदेखिने" भन्ने **(नेपाल सरकार बि. जयप्रसाद गुप्ता, ने.का.प. २०६८ नि.नं. ८७२२ मुद्दा भ्रष्टाचार)** सिद्धान्त प्रतिपादन भएको छ। यसरी खुद खर्च भएर जाने रकमलाई समेत आय मानी प्रतिबादीको बैध आय कायम गरी गरेको उक्त फैसला सम्मानित अदालतबाट भएको फैसलाको प्रतिकुल रहेको हुँदा बदरभागी रहेको छ।<br>• **प्राप्त बैंक ब्याज सम्बन्धमाः** प्रतिवादी शशिभुषण यादव तथा निजको एकासगोलको परिवारका सदस्यहरुको नाउँमा रहेको विभिन्न बैंक खाताबाट जाँच अवधिमा जम्मा रु.२२,८५,२०६।८३ (बाइस लख पचासी हजार दुइसय छ रुपैयाँ त्रीयासी पैसा) प्राप्त भएको उक्त बैंकहरुको स्टेटमेन्टबाट देखिन आएकोले सो रकमलाई निज प्रतिवादीहरुको आयमा समावेश गरी गणना गर्नुपर्ने देखियो भनी बिशेष अदालतले गरेको फैसला बदरभागी छ।प्रतिवादीले निज र निजको परिवार समेतको सबै बैंकबाट ब्याज रु.२२,८५,२०६।८३ प्राप्त भएको भनी प्रतिवादीले सम्पूर्ण रकमको व्याज दावी गरेको भएतापनि निजले बैंकहरुमा राखेको सम्पूर्ण रकमको मुलधन वैध थियो भन्ने पुष्टि गर्न सकेको देखिँदैन।"बैंकमा राखेको रकमको व्याजलाई आयमा समावेश गर्नका लागि त्यसको मूलधन वैध थियो भन्ने तथ्य पुष्टि गर्न सक्नु पर्ने"**(नेपाल सरकार विरुद्ध रामाज्ञा चतुर्वेदी (ने.का.प.२०६८, अंक ६, नि.नं. ८६३० मुद्दा भ्रष्टाचार)** र "गैरकानुनी रुपमा सम्पत्ति आर्जन गरी |

भ्रष्टाचार गरेको भन्ने मुद्धामा यो यस वैधानिक स्रोतबाट आयआर्जन गरेको हो भनी पुष्टी गर्ने दायित्व प्रतिवादी उपर रहने" भनी **नेपाल सरकार विरुद्ध जय प्रकाश प्रसाद गुप्ता समेत (ने.का.प.२०६८, अंक ११, नि.नं.८७२२**) सम्मानित सर्वोच्च अदालतबाट नजिर सिद्धान्तहरु प्रतिपादन भएको समेतका आधारमा त्यस्ता रकम वैध थियो भन्ने पुष्ट्याईको अभावमा अनुमानका आधारमा निजको आयमा बैंक ब्याजलाई आयमा गणना गरी भएको प्रस्तुत फैसला सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्धान्तहरु समेतको प्रतिकूल भई फैसला त्रुटिपूर्ण देखिन्छ।

- **रिता रानीको विवाहमा माइती तथा मावलीबाट प्राप्त दान दक्षिणा एवम् उपहार सम्बन्धमाः** धर्म संस्कार एवम् संस्कृति बमोजिम रिता रानीको मिति २०४०।१०।२५ मा विवाह हुँदा उक्त समय तथा परिस्थिती बमोजिम माइती तथा मावलीबाट टिकाटालो एवं दान दक्षिणा वा उपहार वापत रु.१,२४,४६४।११ (एक लाख चौविस हजार चार सय चौसठ्ठी रुपैयाँ एघार पैसा) प्राप्त गरेको मानी सोलाई निज प्रतिवादीको आयमा गणना गर्नु पर्ने देखियो भनी बिशेष अदालतले गरेको फैसला बदरभागी छ। अनुसन्धानमा गरिएको कुनै पनि सवाल जवाफमा यि प्रतिवादीले उल्लेखित प्राप्त दान दक्षिणा एवम् उपहारको सन्दर्भमा नलेखाएको तथा उक्त सम्पत्तिको विवरण सम्बन्धित निकायबाट प्राप्त भएको आधिकारिक विवरण अनुसार गणना नगरी आयमा राखिएको हुँदा अनुसन्धान सम्पन्न भएपश्चात कसूरबाट बच्ने उद्देश्यले श्रृजना गरी अदालतमा पेश गरी उचित न्यायिक परिक्षण बिना नै आयमा बढाएर केवल प्रतिवादी शशि भुषण कुमार यादवले पेश गरेको लिखित प्रतिवाद र बयानले मात्र गणना गर्नु र निज प्रतिवादीहरुको विवाह भएको ३९ बर्षपछि आएर आय कायम गरेको फैसला त्रुटीपूर्ण रहि बदरभागी छ।

**(क) <u>सम्पत्ति जफत सम्बन्धमाः</u>**

- भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६(ग), दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. बमोजिम रिता रानी, अविनाश यादव र विकाश यादवलाई प्रतिवादी कायम गरी स्रोत नखुलेको सम्पत्ति र त्यसबाट बढे बढाई हाल कायम रहेको सम्पत्ति, श्रोत खुलेको र आंशिक श्रोत खुलेको आरोपपत्रको तालिका नं. ३,४,५,६,७ र ८ मा उल्लेखित घर, जग्गाहरू, शेयर र बैंक मौज्दातहरु समेतबाट विगो जफत/असुल उपर गरी पाउन मागदावी लिईएकोमा जफतको दाबी लिएको सम्पत्तिबाट ऐ.ऐनको दफा २० को उपदफा(२) र दफा ४७ बमोजिम बिगो बराबरको सम्पत्ति जफत हुने ठहर गरी फैसला गरेकोमा फैसलाको तपसिल खण्डमा विगो रु.३,३०,५१,३३६।६५ लाई गैरकानुनी सम्पत्तिको रकम मानी उक्त रकम बराबरको सम्पत्ति मात्र जफत गर्नु भनी फैसला गरेको मिलेको छैन फैसला त्रुटीपुर्ण भई बदरभागी छ। माथि प्रकरणहरुमा प्रतिवादीहरुले उल्लेखित दावी गरिएका सम्पूर्ण आय व्ययको रकमहरु गैर कानुनी श्रोतको सम्पत्ति हुनाले प्रमाणित भएको हुनाले आरोपदाबीमा लिइएको तालिकाहरुका सम्पूर्ण सम्पत्ति जफत गरिपाउन सम्मानित अदालत समक्ष अनुरोध छ।
- **अतः** प्रस्तुत मुद्दामा माथि विवेचित आधार कारणहरु तथा मिसिल संलग्न प्रमाणहरुका आधारमा प्रतिबादी शशि भुषण कुमार यादव समेतको हकमा आरोप दावि बमोजिमको बिगो रकम मध्ये रु.१,१६,८२,८७५।६१ लाई बैध आय व्यय गणना गरी गैर कानुनी आर्जनको रकम कायम नगरी भएको फैसला बदर गरी उक्त रकमलाई गैर कानुनी आर्जन रकम कायम गरी सजाय तथा जरिबाना हुन तथा उक्त रकम रु.१,१६,८२,८७५।६१ बराबरको गैर कानुनी चल अचल सम्पत्तिहरु समेत भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६(ग), दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम सम्पत्ति जफत हुन सम्मानित सर्वोच्च अदालत समक्ष सादर अनुरोध छ।